Email: gaidahawagaupalika@gmail.com
Website: gaidahawamun.gov.np

# गैडहवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गैडहवा–३,विष्णुपुरा रुपन्देही

प.स:०८०/०८१ सूचना प्रकाशन मितिः २०८०/११/२३
च.नं/राजस्व/

### भाडामा क्यान्टिन संचालन गर्न दरभाउपत्र आह्वान सम्बन्धी सूचना ।

यस गैडहवा गाउँपालिकाको गाउँकार्यपालिकाको कार्यालयको कम्पाउण्ड भित्र रहेको क्यान्टिन भाडामा लगाई संचालन गर्न आवश्यक परेकोले यस गाउँपालिकामा सूचीकृत भएका होटल तथा खाजा नास्ता संचालन गर्न ईच्छुक फर्म तथा व्यवसायीहरुले संस्था दर्ताको प्रमाणपत्र,आ.व.२०७९/०८० को कर चुक्ताको प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस गाउँपालिकाबाट दरभाउपत्र खरिद गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको छ ।

शर्तहरुः

१. मिति २०८०/१२/८ गते सम्म रु.१००० दस्तुर तिरी कार्यालय समय भित्र दरभाउपत्र खरिद गर्न सकिनेछ ।दरभाउपत्र साथ क्यान्टिनबाट उपलब्ध गराउनु पर्ने खाना , नास्ताको मेनूको दर उपलब्ध गराईनेछ ।

२. दरभाउपत्र १६ औं दिन दिउसो १२ बजे भित्र यस गाउँपालिकाको राजश्व शाखामा दर्ता गरिसक्नुपर्नेछ ।सो दिन बिदा परेको खण्डमा त्यसको भोलिपल्ट दर्ता हुनेछ । यो ठेक्का मिति २०८५ फाल्गुन मसान्त सम्मका लागि मान्य हुनेछ।

३.दरभाउ पत्र पेश गर्दा क्यान्टिन भाडा वापतको न्यूनतम मासिक रकम रु.५०००/-लाई आधार मानी बढाबढ माध्यमबाट बोल कबोल गर्नुपर्नेछ।

४. दरभाउपत्रमा सहभागी हुन ईच्छुक दरभाउपत्रदाताले मासिक कबोल गरेको अंकलाई आधार मानी ५ वर्षले हुने रकमको ५ प्रतिशत धरौटी यस कार्यालयको धरौटी खाता नं ११०CA५००१४८१६००४ मा नगद दाखिला गर्नु पर्नेछ ।

५. क्यान्टिन संचालन गर्दा सम्पूर्ण आइटमहरु क्यान्टिन भित्र नै तयार गरी उपलब्ध गराउनुपर्नेछ ।

६. विद्युत खर्चको हकमा सब मिटरमा आउने बिल अनुसार क्यान्टिन संचालकले गाउँपालिकालाई बुझाउनु पर्नेछ ।

७.क्यान्टिन संचालकले पर्याप्त रुपमा संचालनार्थ जनशक्तिको व्यवस्थापन गर्नुपर्नेछ ।

८.झिंगा भन्केको बासी, सडेगलेको, तथा कम गुणस्तरको खाद्य पदार्थ विक्री वितरण गर्न पाइनेछैन ।

९.क्यान्टिन संचालकले खाजा नास्ता पकाउदा ताजा तेल प्रयोग गर्नु पर्नेछ ।

१०.गाउँपालिकाका कर्मचारीहरुका लागि जुनसुकै समयमा भनेको बखतमा खाना तथा खाजा उपलब्ध गराउनुपर्नेछ ।

११.महंगीको अवस्थालाई मध्यनजर गरि गाउँ कार्यपालिककाको निर्णय अनुसार वार्षिक रुपमा दरहरु परिमार्जन गर्न सकिनेछ ।

१२.क्यान्टिन भित्र मादक पदार्थ,सुर्तीजन्य पदार्थ, चुरोट,गुटखा, पान,खैनी हरु बिक्री बितरण तथा सेवन गर्न गराउन पाईने छैन।

१३.क्यान्टिन र त्यस भित्र रहेको चर्पी र वरिपरि हुने फोहोरमैलाको व्यव्स्थापन एवम सरसफाई क्यान्टिन संचालकले नियमित गर्नु पर्नेछ ।

१४.सम्झौताका बखत ४ महिनाको हुन आउने किस्ता रकम यस कार्यालयको राजस्व खातामा दाखिला गर्नु पर्नेछ।किस्ता रकम चौमासिक रुपमा अग्रीम भुक्तानी गर्नुपर्नेछ ।

१५.स्वीकृत मेनूको दर भन्दा बढि रकम ब्यक्तिबाट उठाउन पाईनेछैन र सेवाग्राहीले देखिने ठाउमा मेनु दर सुची टास्नु पर्नेछ ।

१६.खाजा, खाना र नास्ता तोकिएको परिमाण ,गुणस्तरीय हुनु पर्नेछ र शर्त बमोजिम क्यान्टिन संचालन गर्नुपर्ने छ ।अन्यथा जुनसुकै बखत सम्झौता रद्द गर्न सकिनेछ ।

१७.सम्झौताका बखत थप रकम रु ३००००/- धरौटी माग गरिने छ ।

१८.यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र यसमा उल्लेख नभएका कुराहरु गाउँकार्यपालिकाको निर्णय र प्रचलित कानुन अनुसार हुनेछ ।

२०८०/११/२३

कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकीय अधिकृत